लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

# वार्षिक नीति तथा कार्यक्रम

आ.व. २०८१/०८२

गाउँ सभामा पेश गरेको मितिः २०८१/०२/२७
गाउँ सभाबाट पारित मितिः २०८१/०३/१०

**लुङ्ग्री गाउँपालिका गाउँ सभाको १६ औ अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री भरत कुमार थापाले पेश गर्नु भएको आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम**

**गाउँ सभाका सदस्यहरू,**
**सभाका सचिव तथा सम्पूर्ण कर्मचारीहरू,**
**संचारकर्मी तथा पत्रकारहरू,**
**अन्य उपस्थित महानुभावहरू,**

१. महान लक्ष्य र पवित्र उद्देश्य बोकेको हाम्रो लुङ्ग्री गाउँपालिकाको गाउँ सभाको १६ औं अधिवेशनमा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक  नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा मलाई असाध्यै हर्ष र गर्वको महसुस भएको छ। यो वार्षिक निति तथा कार्यक्रम तर्जुमा कार्यमा खट्नुहुने सम्पुर्ण कर्मचारी र सुझाव सल्लाह दिएर सहयोग गर्नुहुने सहयोगी महानुभावहरुलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छुँ। यस अवसरमा नेपालको राजनैतिक अग्रगमन, लोकतान्त्रिक सवलिकरण एवं  समाजवाद  उन्मुख संविधान निर्माणका खातिर विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध र मुक्ति युद्धहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गरेर सहादत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछुँ, बेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछुँ, घाइते, अशक्त, अपांग योद्धाहरुको शिघ्र स्वास्थलाभ र दिर्घ जीवनको कामना गर्दछुँ। साथै शोक सन्तप्त परिवार र आफन्तजन प्रति गहिरो समवेदना व्यक्त गर्दछुँ ।

२. सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासीको समृद्धिको चाहना, गाउँपालिकाको प्रथम आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्य, निर्वाचनका क्रममा मतदातासंग गरिएका प्रतिवद्धता लगाएतका दस्तबेजलाई आधार बनाई आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोत र साधनको अधिकतम पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो र फराकिलो आर्थिक विकास मार्फत **"समृद्ध लुङ्ग्रीः सुखि लुङ्ग्री बासी"** भन्ने दिर्घकालिन सोचलाई पुरा गर्न संघीय र प्रदेश सरकारसंग समन्वय, सहकारीता र सह-अस्तित्वका आधारमा निजी, सामुदायीक र गैर सरकारी सस्थासंगको साझेदारीमा विकास कार्यक्रमहरु सञ्चालन गरीनेछ।

३. दिर्घकालिन सोंचले लिएका लक्ष्य तथा उदेश्यहरुको क्रमशः कार्यान्वयन गर्दै कृषि तथा पशुपालन क्षेत्रको विकास मार्फत आर्थिक समृद्धि हासिल गर्नुका साथै प्राकृतिक स्रोत साधनको उत्पादनशिल र दिगो उपयोग मार्फत सफा, स्वच्छ र सुन्दर गाउँपालिकाका रुपमा यस गाउँपालिकालाई परिचित गराउनु यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता रहनेछ।

**सभाका सदस्यहरू,**

**(ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि)**

४. राज्यको पुनर्संरचना मार्फत स्थापना भएका स्थानीय सरकारहरु अनुभव बटुल्दै र क्षमता विकास कै क्रममा रहेका छन्। संविधानले दिएको अधिकार प्रयोग मार्फत नीति तर्जुमा र कार्यान्वन गर्दै भौतिक, आर्थिक तथा प्रशासनिक रुपमा आफूलाई सबल बनाउदै जाने क्रममा स्थानीय तहहरुले कैयौं समस्याहरुको सामना गर्दै आईरहेका छन।आफ्ना दिगो र भरपर्दा आर्थिक स्रोतहरु नहुदा स्थानीय सरकारको प्रमुख आम्दानीको स्रोत संघीय र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र बाँडफाँडबाट प्राप्त हुने राजस्व नै हो। संघ र प्रदेश सरकारबाट समयमा अनुदानहरु प्राप्त नहुँदा वित्तीय हस्तान्तरण मार्फत कार्यान्यवन हुने कार्यक्रमहरु समयमा कार्यान्वयन हुन सकेका छैन् । हालसम्म कार्यान्वयन हुँदै आएका नीति तथा कार्यक्रमहरुबाट अपेक्षित नतिजा प्राप्त गर्न नसक्दा उक्त नीति तथा कार्यक्रमहरूलाई उत्पादनमुखी र प्रभावकारी ढंगबाट कार्यान्वयनमा जोड दिइदै छ।

५. राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको जनसंख्याको ठूलो हिस्सा उत्पादनशील हुँदा हुँदै पनि त्यसको लाभ लिन नसिकएको राष्ट्रिय समस्याबाट यस गाउँपालिका पनि अछुतो छैन । युवा जनशक्तिको वैदेशिक रोजगारी मोह र आर्थिक रुपमा सम्पन्न वर्गको आन्तरिक तथा वाह्य बसाइ सराइका कारण पालिका भित्र प्रशस्त आर्थिक गतिविधि संचालन हुन नसक्दा मानव विकासको सूचकमा खासै सुधार हुन सकेको छैन् । कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण र विविधिकरण गरी युवा जनशक्तिलाई गाउँपालिका भित्रै रोजगारी र स्वरोजगारको अवसर सिर्जना गर्नु तथा शिक्षा स्वास्थ्यको गुणस्तरमा वृद्धि गरी बसाइ सराइलाई न्यूनीकरण गर्दै जानु हामी सबैको साझा मुद्दा हुन पुगेको छ।

६. समाजमा विद्यमान रहेका जातीय विभेद, बाल बिवाह, घरेलु तथा महिला हिंसा जस्ता सामाजिक कुरितिको अन्त्य र समाजमा रहेका सबै वर्ग, लिङ्ग, धर्म, जाति, समुदायहरुको शासन तथा सेवा प्रवाहमा समान र औचित्यपूर्ण सहभागीता समावेशी लोकतन्त्रको आवश्यकता हो।

७. सेवा प्रवाहलाइ थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि सेवा प्रवाहमा बिद्युतीय प्रणालीलाई ब्यापक र प्रभावकारी वनाउनु पर्ने आवश्यकता देखिन्छ । साथै गाउँपालिकामा रहेको कर्मचारी अभावका कारण सेवा प्रवाहमा परेको प्रभावलाई समेत मध्यनजर गरी अगाडी बढ्नुपर्ने अवस्था रहेको छ।

**सभाका सदस्यहरू,**

**(ग) विकास तथा समृद्धिको लक्ष्य प्रासिका अवसर तथा चुनौतीः**

**८. विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भइ २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्र भित्रका धेरै विषयमा नीति, ऐन, कानून तर्जुमा, योजना तर्जुमा भई कार्यान्वयनमा आएका।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडाका अधिकांशबस्तीहरुमा सडक र विद्युत पूर्वाधारको पहुँच हुनु ।
- सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजारसम्मको पहुँच स्थापित हुनु ।
- राजश्व संकलनका दर क्रमिक रूपमा वृद्धि हुँदै जानु।
- आम नागरिकहरू स्थानीय सरकार मार्फत प्राप्त गर्ने सेवा, सुविधाको बारेमा जानकार हुँदै जानु।

**९. विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

- सीपमूलक तथा रोजगारउन्मुख शैक्षिक प्रणालीको विकास गर्नु ।
- गुणस्तरिय बिउबिजन तथा मलखाद समयमै कृषकलाई उपलब्ध गराउनु तथा कृषि उत्पानको बजारको सुनिश्चितता गराउनु ।
- युवा जनशक्तिलाइ कृषि ब्यवसायमा आकर्षित गर्दै व्यवसायिक कृषकको संख्या वृद्धि गर्दै जानु।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- निर्माण भएका व्यक्तिगत संरचनाहरुको अभिलेखिकरण गर्नु र नक्सा पास गरेर मात्रै नयाँ संरचना निर्माण गर्नु।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागु गर्नु।
- सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को मापदण्ड अबलम्बन नगरि भएको उपभोगलाई नियमन गर्नु ।
- नागरिकलाई सहज र सरल सेवा प्रवाहको अनुभूती गराउनु।

**सभाका सदस्यहरू,**

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

१०. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम तर्जुमा भएका आवधिक योजना, मध्यमकालिन खर्च संरचना, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, स्रोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरू, राष्ट्रिय योजना आयोगबाट प्रकाशित दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

११. गाउँपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार विकासका साथै भौगोलिक तथा सास्कृतिक विविधताको संरक्षण र प्रबर्द्धन गर्न गाउँपालिका भित्रका आम उपभोक्ता, उद्योगी, ब्यवसायी, सामाजिक तथा गैर सरकारी संस्था, अन्य विकास साझेदार निकाय तथा आम नागरिकको प्रत्यक्ष सहभागीता रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुको स्पष्ट दृष्टिकोणलाई प्रशासनिक संयन्त्रले प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराई जनसहभागीता एवं जनपरिचालन मार्फत विकास व्यवस्थापन तथा सेवा प्रवाहलाई थप प्रभावकारी गराउदै शासन व्यवस्थामा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं मितव्यीता कायम गरिने छ।

१२. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण **(O & M)** लाई अद्यावधिक गरी छरितो एवम् चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई थप मितब्ययी बनाइनेछ । संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण वापतको रकम पुँजिगत तथा तुलनात्मक लाभका क्षेत्रमा लगानी वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिइने छ। जनताका आधारभूत आवश्यकता र मौलिक हकहरुको सुनिश्चिततामा प्राथमिकता दिदै विकास आयोजनाहरुको कार्यान्वयन गरीने छ।

**सभाका सदस्यहरु,**

**(ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण**

**पूर्वाधार विकास (सडक, भवन,खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

१३. **सडक यातायातः** यस गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ।संघीय सरकारको ग्रामीण सडक पूर्वाधार सुधार परियोजना मार्फत यस गाउँपालिकाका वडा नं.४, ५, ६ र ७ लाई जोड्ने प्रमुख सडक कालोपत्रे भएको छ। दोमही देखि गाउँपालिका केन्द्रसम्मको ४ कि.म.पहुच मार्ग प्रदेश सरकार मार्फत कालोपत्रेको कार्य अन्तिम चरणमा रहेको छ। गाउँपालिका भित्रका विभिन्न बस्ती तथा वडा जोड्ने थुप्रै सडकहरुको स्तरउन्नती तथा ग्राभिल भएको छ। गाउँपालिका मार्फत वडा नं.१ खोल्ने भन्दा भएका सडकहरुको स्तरउन्नती गरी वाह्रै महिना संचालन गराउनमा जोड दिएको छ

साथै गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य ७५% भौतिक प्रगति र ५२ प्रतिशत वित्तिय प्रगति भएको

१४. **सिंचाइः** गाउँपालिका भित्र रहेका पानीका स्रोतहरुको उपयोग गरी उपभोक्ता समिति मार्फत जनहसभागीतामा साना सिंचाइ योजनाहरु कार्यान्वयन हुँदै आएका छन् ।यी योजनाहरुको कार्यान्वयन मार्फत खेतियोग्य जमिनहरूमा सिंचाइ सुविधा विस्तार भई कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि हुदैं गएको छ।

## सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी

१५. गाउँपालिकामा विभिन्न ५ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य केन्द्र, १३ वटा सामुदायिक स्वास्थ्य इकाइबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। यी स्वास्थ्य संस्था मार्फत नियमित रुपमा खोप सेवा, गर्भवती जाँच तथा सुत्केरी सेवा, पोषण कार्यक्रम संचालन, स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु संचालन हुँदै आएका छन् ।खोप सेवामा सबै लुङ्ग्री बासीको पहुँच सुनिश्चितता भएकाले चालु आ.ब.मा यस गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गरिएको छ। स्वास्थ्य संस्थाबाट गर्भजाँच गरी सुत्केरी हुने महिलाको संख्या बढोत्तरी हुदै गएकाले चालु आ.ब.मा ३ वटा वडालाई शून्य होम डेलिभेरी मुक्त वडा घोषणाको कार्य अन्तिम चरणमा रहेको छ। आगामी आ.ब.मा बाँकी २ वटा वडालाई समेत घोषणा गरी शून्य होम डेलिभरी मुक्त गाउँपालिका घोषण गरिने छ।

१६. गाउँपालिकाले शैक्षिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर सुधार गरी सबै बालबालिकाको विद्यालयसम्मको पहुँच सुनिश्चितता गर्न विद्यालयहरुमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था, सूचना प्रविधियुक्त पूर्वाधारको विकास, विद्यालय भवन निर्माण, प्रयोगशाला, पुस्तकालय लगायतका पूर्वाधार विकासमा संघ र प्रदेश सरकारसँग सहकार्यमा योजना तथा कार्यक्रमहरु संचालन भएका छन् ।आधारभूत तहको स्थानीय पाठयक्रम निर्माण गरी चालु शैक्षिक सत्रदेखि कार्यान्वयनमा ल्याइएको छ।विद्यालयहरुले संचालन गर्ने विभिन्न शैक्षिक गतिविधि तथा अतिरिक्त क्रियाकलापहरुमा एकरुपता ल्याउन शैक्षिक पात्रो प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ। चालु आ.ब.मा थप ४ वटा विद्यालयलाई माध्यमिक तहसम्मको पठन पाठनका लागि अनुमति दिइएको छ जसबाट बालबालिकको विद्यालयसम्मको पहुँचमा थप सहजता आउने छ।

१७. सामाजिक सुरक्षा भत्ता वितरण पूर्ण रुपमा विद्युतीय प्रणालीमा मार्फत हुँदा वितरण कार्य थप पारदर्शि र व्यवस्थित भएको छ। गाउँपालिकाले महिला, अपाङ्ग, दलित लगाएतका लक्षित समुदायको आर्थिक सशक्तिकरण र सवलीकरणका लागि विभिन्न सिप युक्त तालिम संचालन गर्दै आएको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत वेरोजगारहरुलाई प्राथमिकिकरणका आधारमा १०० दिनको

रोजगार सुनिश्चित गरिदै आएको छ। बालबिवाह, महिला हिंसा, जातिय विभेद जस्ता सामाजिक कुरिती न्यूनिकरणका लागि विभिन्न कार्यक्रमहरु संचाल हुँदै आएका छन् ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी) का क्षेत्रमा भएका उपलब्धी**

१८. कृषि सहकारी संस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएको छ। हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा कृषि तथा पशु विकासमा आधारित साझेदारी कार्यक्रम मार्फत पशुपालनमा व्यवसायीकता तथा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरी उत्पादित कृषि तथा पशु उपजहरुको बजारीकरणका लागि विभिन्न कार्यक्रम संचालन भइरहेको छ। साथै गाउँपालिकाको कृषि तथा पशु विकास शाखा मार्फत निःशुल्क भेटेनरी औषधि वितरण तथा कृषि बिउ बिजन वितरणको कार्य भइरहेको छ। कृषि तथा पशुमा आधारित सहकारी संचालनका लागि हेफर प्रोजेक्ट नेपालको साझेदारीमा कृषि उपज संकलन केन्द्रको निर्माण भएको छ। आगामी आ.ब.मा यसलाई संचालनमा ल्याइने छ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्न ती स्थलहरुको बारेमा फोटो र संक्षिप्त चिनारी सहितको बुकलेट प्रकाशन गरी विभिन्न संचार माध्यम र कृषि तथा पर्यटन प्रवर्द्धन सम्बन्धि महोत्सव मार्फत प्रचार प्रसार गरिएको छ। यसबाट ती पर्यटकीय स्थलहरुमा आन्तरिक पर्यटकको संख्यामा वृद्धि हुने देखिन्छ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजनिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

१९. गाउँपालिकाबाट हालसम्म ११ वटा ऐन, ५ वटा नियमावली, ३ वटा निर्देशिका र ३३ वटा कार्यविधि गरी कार्यान्वयनमा रहेका छन् ।गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनको सुरुवात गरिएको छ।यस गाउँपालिकाले गत आ.व. २०७९।८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७४.२५ र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ७६ अंक प्राप्त गरेको छ । साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आ.ब.२०८१/८२ को कार्यसम्पादनमा आधारित समानिकरण अनुदान हस्तान्तरणका लागि गरेको कार्य सम्पादन मूल्याङ्कनमा ६३.८५ अंक प्राप्त गरी यस गाउँपालिका रोल्पा जिल्लामै प्रथम हुन सफल भएको छ। यस्ता कार्यसम्पादनमा आधारित मूल्याङ्कनहरुमा थप सुधार गर्न विकास व्यवस्थापन र सेवा प्रवाहलाई थप जनमुखि र पारदर्शित बनाउदै लगिने छ।

**सभाका सदस्यहरु,**

अब म आ.व.२०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**(च) आगामी आ.व.२०८१।८२ को प्रमुख नीति तथा कार्यक्रमहरूः**

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### २०. शिक्षा

- शिक्षा नीति, ऐन, नियमावली जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तरमा थप सुधार, नियमन एवं प्रवर्द्धन गरिने छ ।
- विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।
- गाउँपालिकाका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग गरेको कार्यसम्पादनको मूल्याङ्कनको आधारमा उत्कृट प्रधानाध्यापक घोषणा तथा सम्मान गरिनेछ। प्रधानाध्यापकले विद्यालयमा कार्यरत सबै शिक्षक तथा विद्यालय कर्मचारीसँग कार्यसम्पादन करार गर्ने गरी व्यवस्था मिलाइने छ।
- केही वडामा सुरु भएको कक्षा ५ को वडास्तरीय परीक्षा संचालन गर्ने व्यवस्था सबै वडामा गर्ने गरी व्यवस्था मिलाइने छ।
- विद्यार्थी नतिजा मूल्याङ्कनको आधारमा वडाको उत्कृष्ट विद्यालय र गाउँपालिकाको उत्कृष्ट विद्यालय घोषणा गरी कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था मिलाइने छ।
- **दिगो विकासको लक्ष्य नं.** ४ को ४.क.१ मा उल्लेखित विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।
- विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा **दिगो विकासको लक्ष्य नं.** ४ को ४.क.४ को प्रतिशत अभिवृद्धिका लागि अपाङ्गमैत्रीका साथसाथै बालमैत्री संरचना निर्माण गरिने छ।
- सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।
- शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।
- प्रत्येक सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी जडान गरी संचालनमा ल्याइने छ।
- शैक्षिक कार्यक्रमहरुको संचालन तथा व्यवस्थापन सम्बन्धि सम्पूर्ण काम शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत गरिने कार्यलाई निरन्तरता दिइने छ।
- प्रारम्भिक बालकक्षामा कार्यरत सहजकर्तालाई वालमनोविज्ञान सम्बन्धी तालिम दिई सक्षम बनाउने तथा उनीहरुको कार्यक्षमताको आधारमा प्रोत्साहन गरिनेछ । वालमैत्री कक्षा कोठा

निर्माण गर्न आवश्यक शैक्षिक सामग्रीहरु उपलब्ध गर्ने कार्य र प्रारम्भिक वालविकास केन्द्रका कार्यकर्तालाई नेपाल सरकारले तोकेको न्युनतम आधारभूत सुबिधालाई निरन्तरता दिईनेछ ।

- ❖ कक्षा १-१० का सम्पूर्ण आवधिक परीक्षालाई एकरूपता कायम गरी परीक्षा प्रणाली थप प्रभावकारी बनाईनेछ।
- ❖ बिद्यालय निरिक्षण तथा अनुगमनलाई प्रभावकारी बनाई सुपरभाईजर इन क्लासरुम ( Supervisor in classroom) कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- ❖ विद्यार्थीको आन्तरिक प्रतिभा प्रस्फुटन गराउन विभिन्न प्रकारका अतिरिक्त क्रियाकलाप ,प्रतिभा पहिचान , आधारभुत तह कक्षा ५ ,८ र माध्यमिक तह कक्षा १० ( SEE) परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरुस्कृत तथा सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ प्र.अ.,शिक्षक, बि.व्य.स.समेतको सहभागितामा राष्ट्रिय स्तरका उत्कृष्ट ठहरिएका विद्यालयहरुको अवलोकन भ्रमण गरी असल अभ्यासहरुलाई सम्भाव्यताका आधारमा आफ्नो विद्यालयमा भित्र्याउन प्रोत्साहन गरिनेछ।
- ❖ सहि परामर्श र मार्गदर्शनको अभावमा शिक्षक तथा विद्यार्थीमा नैराश्यता उत्पन्न हुन नदिन शिक्षक विद्यार्थी परामर्श सेवा कार्यक्रम संचालन गरिनेछ ।
- ❖ अभिभावकहरुलाई सामुदायिक विद्यालयप्रति अपनत्व र जवाफदेहि र बालबालिका प्रति उत्तरदायी वनाउन अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रबिधिमैत्री सीप विकास, शिक्षण कला, क्षमता बिकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका लागि (STEAM विधि) कार्यक्रम संचालन गर्ने पहल गरिनेछ ।
- ❖ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच ,प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि स्वास्थ्यकर्मी परिचालन कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ चालु शैक्षिक सत्र देखि स्थानीय पाठयक्रम "लुङ्ग्री पहिचान " कक्षा १ देखि ८ सम्म लागु गरिनेछ। पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन सहजताको लागि सन्दर्भ तथा पाठ्य सामग्री बिकासका साथै शिक्षकहरुको क्षमता विकासका लागि पहल गरिनेछ ।
- ❖ सम्पूर्ण सामुदायिक विद्यालयमा सक्षम,योग्य,अनुभवि शिक्षकलाई प्रचलित कानुन बमोजिम प्र.अ.नियुक्ति गर्ने व्यवस्था मिलाई विद्यालय विकास तथा व्यवस्थापन प्रति प्र.अ.लाई थप जिम्मेवारी र उत्तरदायी बनाईनेछ ।
- ❖ आर्थिक ,सामाजिक ,भौगोलिक रुपमा पिछडिएका प्रतिभावान जेहेन्दार विपन्न खस आर्य ,दलित ,अपाङ्ग,महिला ,जनजाति विद्यार्थीका लागि माध्यमिक तथा उच्च शिक्षामा सहज पुहुँचको अवसर सिर्जना गर्न विशेष छात्रवृत्ति कोष स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ शिक्षा क्षेत्रको नीतिगत सुदृढिकारणको लागि गाउँशिक्षा नीति ,शिक्षा सम्बन्धी बिभिन्न कानुनि व्यवस्थाको सुनिश्चित गरिनेछ र शिक्षा क्षेत्रको योजना निर्माण गरी लागु गरिनेछ ।

- ❖ गाउँपालिका अनुदान शिक्षक, कर्मचारीहरुको सन्दर्भमा विद्यालयको आवश्यकता र औचित्यका आधारमा निरन्तरता दिदै पारिश्रमिकमा पुनरावलोकन गरिनेछ ।
- ❖ कक्षा १ देखि ७ सम्मका विद्यार्थीहरूको सिकाई क्षतिको न्युनिकरण, पढाई संस्कारको विकास गर्न, समुदायलाई उत्तरदायी बनाउन, समुदायमा आधारित कोचिङ कक्षा (CMCC) कार्यक्रम संचालन गर्न पहल गरिने छ।
- ❖ शैक्षिक, आर्थिक र सामाजिक रुपमा सिकाई उपलब्धि कमजोर भएका कक्षा ८ देखि कक्षा १० सम्मका विद्यार्थीहरूको सिकाई उपलब्धिमा सुधारका लागि विद्यालयमा आधारित अतिरिक्त कक्षा संचालन गर्न पहल गरिने छ।
- ❖ विद्यालयस्तरमा संचालित अतिरिक्त क्रियाकलाप अन्तर्गत रहेको खेलकुद विकासका लागि खेलकुद शिक्षकको व्यवस्था गरिनेछ ।
- ❖ विद्यालयहरूमा स्वास्थ्य शिक्षामा गुणस्तर अभिवृद्धि गर्न एवं किशोरकिशोरीमैत्री परामर्श उपलब्ध गराउन र विद्यार्थीहरुलाई विद्यालयमै प्राथमिक उपचार गर्न घुम्ती विद्यालय नर्स कार्यक्रम संचालन गरिनेछ ।

**२१. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

- ❖ वडा नं. ६ पाटे गुम्चाल स्थित रहेको युद्ध पर्यटन संग्राहालयको निर्माण कार्यलाई निरन्तरता दिइने छ।
- ❖ गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।
- ❖ गाउँपालिकाका महत्वपूर्ण सांस्कृतिक सम्पदाहरूको पहिचान तथा संरक्षण गरिनेछ।
- ❖ गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइने छ।
- ❖ गाउँपालिका भित्रका विशिष्ट संस्कार, सस्कृति, रितिरिवाज, चालचलनको संरक्षण एवम् प्रवर्द्धन गरी पर्यटकलाई आकर्षण गर्न भिडियो डकुमेन्ट्री बनाई प्रचार प्रसार गरिने छ।

**२२. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

- ❖ लुङ्ग्री गाउँपालिका भित्रका खेल र खेलाडीको विकासको लागि अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- ❖ खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
- ❖ विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।
- ❖ वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसंग आवद्ध गरिनेछ।
- ❖ युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

- ❖ विपन्न, तथा अशक्त युवाहरुको उच्च मनोवलका साथ आर्थिक क्रियाकलपामा सहभागी गराउन इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, उद्धघोषण, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरिने छ।
- ❖ गाउँपालिकाको गौरवको आयोजनाको रुपमा किलाचौर र गाजावाङको आसपासमा गाउँपालिका स्तरीय खेल मैदान निर्माण गरिने छ।
- ❖ खारखोला खेलमैदानको स्तरउन्नती तथा थप भौतिक संरचना निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिने छ।
- ❖ वडा स्तरबाट खेलाडीको पहिचान तथा उत्पादन गर्न **"एक वडा एक खेल मैदान निर्माण"** लाई क्रमश कार्यान्वयन गरिने छ।

## २३.श्रम, रोजगार तथा लघुउद्यम सम्बन्धी नीति

- ❖ बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ ।
- ❖ रोजगार सेवा केन्द्र मार्फत संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना, सामी परियोजना साथै मेड्पा कार्यक्रमको लागि आवस्यक बजेट साझेदारी गरिनेछ।
- ❖ स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममूलक योजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ ।
- ❖ वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप, पुँजी, अनुभव र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति बनाएर समन्वय गरिनेछ ।
- ❖ स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ ।
- ❖ रोजगार रणनीतिलाई अध्यावधिक गरि गाउँपालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान तथा व्यवस्थापन गरिनेछ।
- ❖ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत, पुनः श्रम स्वीकृति तथा वैदेशिक रोजागर सम्बन्धि कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।
- ❖ संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
- ❖ रोजगारीको जानकारी, आवेदन प्रक्रिया, तालिम र उद्यमशिलतासम्बन्धी सूचना डिजिटल प्लेटफर्ममार्फत उपलब्ध गराइनेछ।
- ❖ गरिवी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न पहलकदमी चालिनेछ ।

- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमुलक पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकारी र समन्वयमा जोड दिईनेछ । 'युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्दमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ ।पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ।
- "समान काम, समान ज्याला" भन्ने अभियान चलाइनेछ।
- श्रम तथा रोजगार सहकारी संचालन गरिनेछ।
- युवा पुस्ताको नविन सोच र प्रबिधिप्रतिको आकर्षणलाई मध्यनजर गरि तालिम केन्द्रहरुसँग समन्वय गरिनेछ।
- सीप सिक्न इच्छुक लुङ्ग्री बासीहरुलाई सिप प्रशिक्षण कार्यक्रमहरु संचालन गरिनेछ |
- गाउँपालिका क्षेत्रमा रहेका लघु उद्योग तथा नयाँ उद्यमीलाई प्रबिधिमा सहयोग, छुट, मिनाहा तथा आवश्यक सहुलियत उपलब्ध गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका स्थानीय उत्पादन र अर्गानिक खाद्यबस्तु बिक्रि वितरणका लागि निश्चित स्थान उपलब्ध गराउन आवश्यक समन्वय गरिनेछ ।
- युवाहरुको व्यक्तिगत बृत्ती बिकास मार्ग पत्ता लगाउन करियर परामर्श कक्षा (Career Consultation Class) संचालन गरिनेछ ।
- उपलब्ध प्राकृति श्रोत साधनको उपयोगमा गरिवि तथा विपन्न वर्गको न्यायपुर्ण पहुँच तथा सहभागीताको सुनिश्चितता गरिनेछ।
- सामाजिक सुरक्षा कोष सम्बन्धि सचेतना गराइनेछ।

## २४.सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धि नीति तथा कार्यक्रम

- "जनताको घरदैलोमा स्थानीय तह" भन्ने कुरालाई आत्मसाथ गर्दै घुम्ति शिविर सञ्चालन गरी व्यक्तिगत घटना दर्ता तथा सामाजकि सुरक्षा सम्बन्धि सेवा दिइनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धित अनलाइन प्रणाली संचालन गर्ने गाउँपालिका तथा वडाका कर्मचारीको क्षमता विकास सम्बन्धि तालिमको सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता बुझ्ने लाभग्राहिहरुको पहिचान तथा नवीकरणमा सहजता र पार्दशिता तथा भत्ता वितरणको कार्यलाई थप प्रभाबकारी बनाउन राष्ट्रिय परिचय नम्बरको माध्यमबाट बायोमेट्रिक भेरिफिकेसन गरिनेछ ।
- बालपोषण भत्ता प्राप्त गर्ने ५ बर्ष मुनिका बालबालिकाका अभिभावकहरुलाई सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

## २५.लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

- लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा कुल बजेटको ०.५ प्रतिशत बजेट विनियोजन गरी लैङ्गिक विभेद अन्त्य, लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
- परम्परागत पेशाको रुपमा अंगालिदै आएको **आरन व्यवसायको** संरक्षण गरी सुदृढीकरण गर्न आवश्यक व्यवस्था मिलाइने छ।
- विकास आयोजना तर्जुमा देखि कार्यान्वयन र मूल्याङ्कनसम्म आम नागरिकको सक्रिय सहभागीताका लागि सबै टोलमा **टोल विकास संस्था गठन** गरी अभिमुखिकरण गरिने छ।
- **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकाको बजेट तथा कार्यक्रम अधिकतम लैङ्गिक उत्तरदायी बनाइने छ र लैङ्गिक परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ।
- महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
- गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।
- बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
- गाउँपालिकाका सबै वडालाई बालमैत्री वडा घोषणा गर्न आवश्यक कार्य गरिनेछ।
- बाल विवाह न्यूनीकरण गर्न बाल विवाह न्यूनीकरणका लागि निर्माण गरिएको रणनीतिक योजना प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ।
- जातीय भेदभाव तथा छुवाछुत विरुद्ध जनचेतना फैलाउन प्रचार प्रसार तथा अन्य रचनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाबाट संचालन गरिने उत्पादन तथा सिपमुलक कार्यक्रमहरुमा दलित तथा विपन्न समुदायलाई पहिलो प्राथमिकता दिइने छ।
- विपन्न बालबालिकाहरुको विद्यालयसम्मको पहुँच सुनिश्चत गरी विद्यालय छोड्ने दरलाई न्यूनिकरण गर्न **"उपाध्यक्षसँग विपन्न बालबालिका कार्यक्रम"** संचालनमा ल्याइने छ।
- प्रत्येक वडामा स्वरोजगार मुखी कार्यक्रम गरी उत्कृष्ट पहिचान कायम गर्न सफल दलित उद्यमी पहिचान गरी सम्मान तथा व्यवसाय सञ्चालन अनुदानको व्यवस्था मिलाइनेछ।
- **दिगो विकासको लक्ष्य नं. ३** को ३.४.२ आत्माहत्याबाट हुने मृत्युदरमा न्युनिकरण गर्न गै.स.स.सँगको सहकार्यमा मनोसामाजिक परामर्शकर्तालाई परिचालन गरिनेछ ।

२६. **स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

- नागरिकको स्वास्थ्य सेवामा सुनिश्चित गरी गुणस्तिय स्वास्थ्य सेवा उपलब्ध गराउन आगामी आ.व.देखि १५ शैंयाको अस्पताल निर्माण कार्यको सुरुवात गरिने छ।
- नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको घुम्ति शिविर मार्फत निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।
- सामुदायिक स्वास्थ्य इकाइ केन्द्रहरुमा संचालनमा रहेका बर्थिङ्ग सेन्टरहरुको गुणस्तर सुधारका लागि भौतिक संरचनाको निर्माण तथा मर्मत गरी आवश्यक स्वास्थ्य सामाग्रीको व्यवस्था गरिने छ र प्रयोगशाला सहितको सेवा उपलब्ध गराइने छ।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाले रिफर गरेका सुत्केरी हुने आमाहरुलाई दिइदै आएको निःशुल्क र जेष्ठ नागरिक तथा बालबालिकाहरुलाई दिइदै आएको सहुलियत एम्बुलेन्स सेवा कार्यक्रमलाई निरन्तरता दिइने छ।
- गाउँपालिका क्षेत्र भित्रका औषधीयुक्त जडिबुटिहरुको पहिचान गरी प्रयोगमा ल्याउन अध्यन तथा अनुसन्धानका कार्य गरिने छ।
- स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
- दलित, गरीब तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिने छ।
- सबै स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।
- स्वास्थ्य संस्थाहरूको भौतिक संरचना निर्माणलाई विशेष प्राथमिकतामा राखिने छ।
- नागरिक स्वास्थ्य, सकारात्मक विचारको अभिवृद्धि गराउन योग तथा व्यायमलाई प्राथमिकता दिइनेछ ।
- स्क्रिन गरेर पत्ता लागेका पाठेघर झरेका महिलाहरुको सल्यक्रियाको लागि आवस्यक बजेटको व्यवस्थापन गरिनेछ।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिनुहुने आमा र शिशुको पोषण सुधार गर्न गाउँपालिकाबाट पोषण खाद्य सामग्री उपलब्ध गराइनेछ ।
- गाउँपालिकामा कार्यरत सामुदायिक स्वास्थ्य महिला स्वयंसेविकाहरूलाई प्रोत्साहन स्वरूप खाजा खर्च तथा यातायात खर्चमा अभिवृद्धि गरिनेछ ।

## २७. बहुक्षेत्रीय पोषण सम्बन्धी नीति

- यस गाउँपालिकामा कुपोषणको समस्या समाधान गर्न स्थानीय खाद्यान्नको उपभोगबाट प्राप्त हुने पोषण सम्बन्धी चेतना अभिवृद्धि गरी स्थानीय खाद्यवस्तु उपभोगमा वृद्धि गर्न विषयगत शाखा र वडा कार्यालयहरुसँग समन्वय गरी पोषण कार्यक्रमहरु संचालन गरिने छ।
- बालबालिकामा देखिने कुपोषणलाई अन्त्यका लागि सन्तुलित आहार बनाई उपभोग गर्ने विधिका बारेमा विद्यालयहरुमा पोषण सम्बन्धी कार्यक्रम संचालन गरिने छ।
- बहु क्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी तुल्याउन संघीय सरकारको अनुदानमा गाउँपालिकाबाट समेत थप बजेटको व्यवस्थापन गरिने छ।

- ❖ कुपोषण को अन्त्य,मानव पुँजी निर्माण र समग्र सामाजिक, आर्थिक विकास गर्ने दीर्घकालिन लक्ष्य सहित पोषणको दृष्टिकोणले पाच वर्ष मुनिका बालबालिका,किशोर किशोरी र प्रजनन उमेर समुहका महिलाहरुको लागी कार्यक्रम बनाइ निरन्तरता दिइनेछ।

**सभाका सदस्यहरु,**

**आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**२८. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

- ❖ गाउँपालिका भित्र रहेका बहु मुल्य प्राकृतिक स्रोत साधनको पहिचान गरी औधोगिक कच्चा पदार्थको रुपमा प्रयोग हुने स्रोतहरुको संकलन तथा बजारिकरणका लागि आवश्यक नीति लिइने छ।
- ❖ स्थानीय कच्चा प्रदार्थ प्रयोग गरी निर्माण भएका साना तथा घरेलु उद्योगहरुको संरक्षण र प्रवर्द्धनका लागि सहुलियत प्रदान गरिने छ।
- ❖ उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
- ❖ पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- ❖ गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण पर्यटकीय स्थलहरुको पहिचान गरी ती स्थानहरुलाई सडक संजाल मार्फत जोड्ने कार्य प्रारम्भ गरिने छ।
- ❖ मुख्य स्थान, चोक र गाउँपालिका प्रवेशद्वारमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न वोर्ड राखिने छ।
- ❖ गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुलाई जोड्ने गरी **"लेक टु लेक पर्यटकीय पदमार्ग"** निर्माणको व्यवस्था मिलाइने छ।
- ❖ गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।
- ❖ अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**२९. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

- ❖ आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशु पालन व्यवसायलाई बजारमुखि बनाइ उत्पादित बस्तुहरुको उचित मूल्यमा विक्रिको सुनिश्चितता गर्न विशेष अनुदानको व्यवस्था गरिने छ।
- ❖ हेफर प्रोजेक्ट नेपालसँग संचालनमा रहेको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता साझेदारी कार्यक्रम मार्फत कृषि तथा पशु उपजको उत्पादनमा वृद्धि

गरी बजारिकरणको सुनिश्चितता गरिने छ। आगामी आ.ब.पनि कृषि तथा पशु विकासमा आधारित साझेदारी कार्यक्रमलाई निरन्तरता दिइने छ।

- **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइने छ।
- स्थानीय रैथानी बाली कोदोको प्रयोगलाई व्यापक बनाउन गाउँपालिका भित्रै कोदोको बिस्कुट उत्पादन गरी बजारिकरण गर्न आवश्यक व्यवस्था मिलाइने छ।
- गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गर्न किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ।
- ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि औजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माणको अध्ययन तथा निर्माण गरिने छ।
- मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइने छ।
- प्रत्येक वडामा अण्डा उत्पादनको कार्यक्रम राखी उत्पादित अण्डालाई संकलन केन्द्र मार्फत बिद्यालय दिवा खाजा कार्यक्रममा खुवाउने व्यवस्था मिलाइने छ।
- महामारीजन्य रोग तथा अन्य रोगहरुको उपचारको लागि खोप तथा औषधीहरुको व्यवस्था मिलाइने छ।
- जथाभाबी पशु बस्तु विक्रि वितरण गर्ने प्रथालाई रोकी प्रत्येक महिनाको एक पटक पशु हाट बजार मार्फत विक्रि वितरण गर्ने व्यवस्था मिलाइने छ।
- पशुबस्तुको पोषणमा सुधार ल्याउन तथा भुक्षय रोकथाम गर्नको लागि सडक पिच बाटोको डिलहरुमा डाले तथा भुई घाँस रोप्न कार्यक्रम संचालन गरिने छ।
- गाउँपालिकास्तरमा पशु पन्छीको ल्याब सेवा संचालनको लागि आवश्यक पूर्वाधार तथा सामाग्रीको व्यवस्था गरिनेछ।
- कृषिजन्य उत्पादित बस्तुहरुको व्यवस्थित तरिकाले विक्रि वितरण गर्न भौतिक संरचना निर्माण गरी मासिक रुपमा हाट बजार संचालन गरिने छ।
- तरकारी उत्पादन वृद्धिको लागि ब्यावसायिक तरकारी खेती गर्ने कृषकहरुको संख्या वृद्धि गर्न आवश्यक तालिम, सहुलियतमा आधुनिक कृषि सामाग्री, विउ विजन, रासायनिक मलको वितरण, कृषि बिमा, बजारसम्मको पहुँचमा सहुलियत जस्ता कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ।
- प्रत्येक वडामा उत्कृष्ट कृषि कार्य गर्ने कृषकलाई सम्मान तथा अनुदानको व्यवस्था मिलाइने छ।
- प्राङगारिक मलको उत्पादन र प्रयोगलाई प्रवर्द्धन गर्दै प्राङगारिक खेतीलाई प्रोत्साहन गरिने छ।

- ❖ कृषि बालिमा लाग्ने विभिन्न रोग, किराको पहिचान र नियन्त्रण गर्न प्लान्ट क्लिनिक संचालन गरिने छ।
- ❖ परीक्षणका रुपमा केही कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकिने छ।
- ❖ उत्पादनमा आधारित अनुदानलाई माग र आवस्यकतामा आधारित हुने गरि लक्षित समुदाय र व्यवसायीको पहुँचमा पुऱ्याइने छ।

## ३०. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

- ❖ कृषिमा आधारित सहकारीहरुको गठन, संचालन, व्यवस्थापन गर्न सहुलियतको व्यवस्था गरिने छ।
- ❖ सहकारी मार्फत कृषि उपजको संकलन, बजारिकरण, उत्पादनमूखि तालिम, सहुलियतमा खाद्यन्न वितरण गर्ने कार्यक्रमहरुलाई प्रोत्सहान गर्न गाउँपालिकाबाट विशेष अनुदानको व्यवस्था गरिने छ।
- ❖ गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
- ❖ सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
- ❖ कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ व्यवस्थित रुपमा कार्यान्वयन गरिने छ। गाउँपालिका भित्र रहेका सहकारीको गठन, व्यवस्थापन, आर्थिक कारोबार लगायतका पक्षहरुको प्रभावकारी अनुगमन गरिने छ।

## ३१. उपभोक्ता हित संरक्षण सम्बन्धी नीतिः

- ❖ गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक हकको संरक्षण र प्रवर्द्धन गर्न नियमित रुपमा गाउँपालिकाबाट वस्तुको गुणस्तर, विज्ञापन, लेबल, नापतौल, मूल्य आदिको अनुगमन गरिने छ।
- ❖ गाउँपालिकाको उपयुक्त स्थानमा सुपथ मूल्य पसल संचालनको लागि आवश्यक कानून निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।
- ❖ मदिरा उत्पादनहरुलाई कानूनी दायरामा ल्याउन र मदिरा पसल दर्ता र नविकरण गराउन प्रहरीसँगको सहकार्यमा विक्रि, वितरण र सेवनलाई प्रभावकारी रुपमा अनुगमन गरिने छ।

## ३२. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

- ❖ सार्वजनिक सरोकारको विषयसँग सम्बन्धी सूचनाहरूमा सबै नागरिकहरुको पहुँचको सुनिश्चितता गरिने छ।
- ❖ विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
- ❖ सार्वजनिक सेवा प्रवाह तथा विकास व्यवस्थापनलाई डिजिटल प्रविधि बनाउन कर्मचारीको क्षमता विकास गरी विद्युतीय सूचना प्रणालीको प्रयोगलाई बढाउदै लगिने छ।

- आगामी आ.ब. देखि डिजिटल वोर्ड र डिजिटल नागरिक वडापत्रको सुरुवात गरिने छ।

## ३३. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

- स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरु स्थानीय न्यायिक समितिसम्म आउने वातावरण सिर्जना गर्न सामाजिक मेलमिलापकर्ताहरुको क्षमता विकास गरिने छ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ आवश्यक ऐन, नियमहरुको निर्माण गरिने छ।
- न्यायिक निरुपणमा मेलमिलाप कार्यलाई प्रोत्साहन गर्न गाउँपालिकामा सामाजिक मेलमिलाप कर्ताको सूचीकृत गरी मेलमिलाप कार्यको निरण्तरता दिइनेछ। प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापनाको लागि जोड दिइनेछ ।
- समुदाय तथा विद्यालयमा कानूनी सचेतना बढाउन कानुनी साक्षरता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नीति निर्माण र न्याय सम्पादनमा सबै वर्ग, जाति, लिंग, तथा समुदायको प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।
- निःशुल्क कानूनी परामर्श सेवा प्रदान गरिनेछ

## ३४. सुशासन , सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

- गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।
- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।
- गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धि गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन विभिन्न तालिम, गोष्ठी, अन्तरक्रियात्मक कार्यक्रम जस्ता क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छ।
- गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

- गाउँपालिकाबाट प्रवाह हुने दर्ता चलानी, नक्सा पास, गुनासो व्यवस्थापन लगायत सबै सेवाहरुमा सफ्टवेयरमा आधारित बनाइ कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "**हाम्रो गाउँपालिका**" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई अबलम्बन गरिनेछ ।
- प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन चालु आ.व.बाट मध्यकालिन खर्च संरचना (MTEF) पद्धतिको सुरुवात गरिने छ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
- स्थानीय सरकारबाट प्रवाह हुने सेवा र विकास व्यवस्थापन थप पारदर्शि र नागरिक केन्द्रित बनाउन जनप्रतिनिधि र कर्मचारीलाई कार्यसम्पादनमा उत्कृष्ट भएका स्थानीय तहहरुको अध्ययन अवलोकन भ्रमण गराइ क्षमता विकासमा जोड दिइने छ।

**वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**३५. खानेपानी तथा सरसफाई**

- खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।
- जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।
- विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।
- संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय र सहकार्य मार्फत खानेपानी सरसफाई तथा स्वच्छता सेवाको योजनावद्ध विकास गरीने छ। स्थानीय तहको नेतृत्वमा खानेपानी तथा सरसफाई तथा स्वच्छता योजना **Wash Plan** तयार गरी कार्यान्वयन गरीने छ।

- ❖ जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।
- ❖ स्थानीयबासीसँगको सहकार्यमा साना पानीको मुलहरुको उपयोग गरी खानेपानी व्यवस्थापनका लागि स्थानीय उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गरिने छ।
- ❖ टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।
- ❖ फोहरमैलाको दिर्घकालिन व्यवस्थापनको लागि ल्यान्डफिल साइडको निर्माण गर्ने, गल्ने फोहोरको कम्पोष्ट मल बनाउने, नगल्ने फोहोरको पुनःप्रयोगमा ल्याउने नीति अबलम्बन गरिने छ।
- ❖ अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
- ❖ प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई न्यूनिकरण गर्दै लगिने छ र पलाष्टिकजन्य फोहोर जलाउने प्रवृतिलाई निरुत्सहान गरिने छ।
- ❖ गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।
- ❖ **दिगो विकास लक्ष्य नं. ६** को कार्यान्वयन गर्न गाउँपालिका बासी सबैको निम्ति खानेपानी तथा सरसफाईको उपलब्धताका लागि एक घर एक धाराको नीति अवलम्बन गर्दै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।
- ❖ खानेपानीको स्रोत वरिपरी हरियाली कायम गरिने छ र स्रोत परिसरलाई प्रदुषणमुक्त बनाउने नीति लिइने छ।
- ❖ स्थानीय तहको संस्थागत संरचनामा **"खानेपानी सरसफाई तथा स्वच्छता इकाई"** समावेश गरिने छ।

## ३६. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

- ❖ जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने गरी जलवायु परिवर्तन अनुकुल कृषि प्रणालीको विकास गरी उत्पादन वृद्धिमा जोड दिइने छ।
- ❖ पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिने प्रक्रियालाई निरन्तरता दिइने छ।
- ❖ खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन, डढेलो नियन्त्रण तथा वनजङ्गलको संरक्षण गरी जैविक विविधता तथा पारिस्थितिक प्रणाली बचाउँदै वनजङ्गलबाट प्राप्त हुने लाभलाई सुनिश्चित गरिने छ।

- पोखरी संरक्षण, रिचार्ज पोखरीको निर्माण, पहिरो तथा भू-क्षय नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादन वृद्धिमा जोड दिइने छ।
- भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
- ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरूको अनधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
- फोहोर मैलाको व्यवस्थापन गर्न सम्भाव्य स्थानमा पूर्वाधारको निर्माण गरिनेछ।
- भुकम्पीय जोखिम न्यूनिकरणको लागि नक्सा पास बिना भवन निर्माण गर्ने कार्यलाई निरुत्सहान गरिने छ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
- गाउँपालिकाको विपद् जोखिम नक्साकन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरू संचालन गरिनेछ।

**३७. भौतिक पूर्वाधार विकास (शहरी विकास योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

- आवधिक योजना र मध्यकालीन खर्च संरचना बमोजिम आवास योजना र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- पूर्वाधार निर्माण गर्दा तुलनात्मक लाभका क्षेत्रलाई प्राथमिकता दिइने छ। सामाजिक असमानताको अन्त्य गरी सामाजिक समावेशीकरणको प्रवर्द्धन गर्ने र समतामूलक समाज निर्माण गर्न सहयोग गर्ने पूर्वाधार निर्माणमा जोड दिइने छ।
- गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
- दीर्घकालीन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजनालाई अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ।
- एकीकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरूसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
- करिव ३०० घरधुरी भएको साविकको गुम्चाल गा.वि.स वडा न ७, ८, तल्लो गुम्चाल र वडा न ०९ वेरी गाउँलाई मूख्य सडक सञ्जाल संग जोड्न डारा खण्ड देखी तुसारापानी सम्म सडकलाई आवश्यकता र प्राथमिकताको योजना मानी नयाँ टयाक विस्तार गरीनेछ ।

- गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठूला आयोजनाहरू पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रूपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
- विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरूलाई सम्पन्न गर्न क्रमागत रूपमा बजेट विनियोजन गरिनेछ।
- नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक कानून तथा मापदण्डको पालना एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरू निर्माण गरी कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।
- गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।
- गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
- गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार गरी दिगो रुपमा उपयोगका लागि बजेटको सुनिश्चितता गर्न छुट्टै मर्मत संम्भार कोष स्थापना गरी कार्यान्वयनमा ल्याइने छ।
- गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।
- गाउँपालिकामा निर्माण भएका पक्की घरहरुको अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ र नयाँ घर निर्माण गर्दा अनुमति लिनुपर्ने व्यवस्थाको सुरुवात गरिनेछ।
- गाउँपालिकाको गौरबको आयोजना पहिचानको लागि पहिचान समिति गठन गरी कार्य संचालन गरिने छ।
- आगामी वर्षमा बजेट विनियोजन र योजना छनौट गर्दा पूर्व प्राविधिक अवलोकन गरी गरिने छ।
- गुणस्तरिय संरचना निर्माणको लागि स्थानीय जनशक्तिलाई क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ।
- निर्माण भइसकेका पूर्वाधारहरुबाट निर्धारित लक्ष्य प्राप्ती भए नभएको मूल्याङ्कन गर्ने विधि अवलम्बन गरिने छ।
- संघीय र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा आवश्यक ठाउँहरुमा मोटरेवल पुल र झोलुङ्गे पुल निर्माण गरिने छ।

## ३८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

- आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
- आन्तरिक करको हिस्सा वृद्धि गर्दै जान करका दरलाई कम गरी करको दायरा विस्तार गर्ने नीति अनुरूप एकीकृत सम्पती कर तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।
- गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धि गर्न करदाता शिक्षा कार्यक्रम संचालन गरी गाउँपालिका भित्रका आर्थिक गतिविधिलाई करको दायरामा ल्याइने छ ।
- गाउँपालिका भित्र संचालनमा रहेका पसल, उद्योग, संकलन केन्द्र लगायतका अन्य व्यवसायहरूलाई करको दायरमा ल्याउन प्रत्येक वडामा घुम्ती शिविर संचालनमा ल्याइने छ।
- ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गरी गाउँपालिकाको आय आर्जन अभिवृद्धि गरिनेछ।
- करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न डिजिटल कर प्रणाली लागु गरिनेछ ।
- सार्वजनिक तथा निजि स्वामित्वमा रहेका ढुङ्गा तथा स्लेट खानीहरुलाई आवश्यक कानूनी प्रक्रिया पुऱ्याइ करको दायरामा लिइनेछ ।

## ३९. विकास साझेदार सँगको परामर्श, सहकार्य, समन्वय एवं साझेदारी सम्बन्धी नीति तथा कार्यक्रम

३९.१ स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)

- **दिगो विकासको लक्ष्य नं. १७** हासिल गर्न अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउन बेलायत सरकारको आर्थिक सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गरिनेछ ।
- स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका/साधन/विधि अवलम्बन गरिनेछ ।
- यस कार्यक्रम मार्फत प्राप्त हुने सह-लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गरिनेछ र खर्चको लेखाजोखा SuTRA र लेखा परीक्षण मार्फत गरिनेछ ।
- आ.व. २०८१/०८२ को योजना तथा बजेट तर्जुमा प्रक्रियामा (LISP) लाई समावेश गरी सह-लगानीको हिस्सा विनियोजन गरिनेछ ।
- स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गरी सोका आधारमा स्थानीय पूर्वाधार मर्मत सम्भारको योजना र बजेट तर्जुमा गरिनेछ ।
- स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवम् मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गरिनेछ ।

३९.२ लुङ्ग्री गाउँपालिकाको हेफर इन्टरनेशनल, हुरेक, नेपाल र रुडास, नेपाल लगायत अन्तर्राष्ट्रिय सहकार्य, समन्वय एवं साझेदारीलाई पुनः जीवन्त राखी निरन्तरता दिइनेछ ।

४०. अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमबाट राष्ट्रिय प्राथमिकता, नेपालले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता, गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनाले लिएका लक्ष्यहरूको क्रमशः कार्यान्वयन गरी गाउँपालिकाको समग्र विकासमा टेवा पुग्ने अपेक्षा लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रमलाई आधार बनाई बजेट तथा कार्यक्रम तर्जुमा गरिने प्रतिबद्धता यसै सभा मार्फत गर्दछु। यस नीति तथा कार्यक्रम तयार पार्नमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, सुरक्षाकर्मी, पत्रकार, गैर सरकारी संघसंस्थाहरु, आम नागरिक लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

## धन्यवाद